आज मिति २०८२।०३।०६ गते शुक्रवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्याः ५१ समय : ११.३० स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्तांक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | कल्पना |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री कृष्ण बहादुर खत्री | |

सहजकर्ता कर्मचारीः

१. श्री विजय कुमार थापा

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री प्रकाश खड्का

सहयोगी कर्मचारीः

१. श्री ओम थपलिया

Scanned with CamScanner

# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# ५१ औं कार्यपालिका बैठक

# २०८२ असार ०६

**प्रस्तावनाहरु**

१. आ.व.२०८२/०८३ को नीति कार्यक्रम तथा बजेट सम्बन्धमा।

२. विषयगत शाखा/वडागत बजेट सीमा निर्धारण सम्बन्धमा।

३. कर्मचारी कल्याणकारी कोष सञ्चालन सम्बन्धी विधेयक, २०८२ सम्बन्धमा।

४. विज्ञापन सम्बन्धी विधेयक, २०८२ सम्बन्धमा ।

५. विषयगत समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा।

६. अख्तियारी दिने सम्बन्धमा।

७. सिलसिलेवार कार्यप्रकृयाको संशोधित प्रतिवेदन सम्बन्धमा।

८. मालपोत कार्यालय स्थापना सम्बन्धमा।

९. विविध ।

**निर्णयहरु**

१. निर्णय नं.१: प्रस्ताव नं.१ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ को नीत, कार्यक्रम तथा आय र व्यय (बजेट) अनुमोदन गरी मिति २०८२ असार १० गतेको गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

२. निर्णय नं.२: प्रस्ताव नं.२ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ को लागि तपसिल बमोजिमको विषयगत शाखा एवम् वडाहरुलाई बजेट सिमा निर्धारण गरी विषयगत शाखा ले मिति २०८२ असार ८ गते विहान १० बजे भित्र र वडा कार्यालयले २०८२ असार ८ गते कार्यालय समय भित्र कार्यक्रम तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने एवम् सिलिङभित्र रहेर शाखा एवम् वडा समितिबाट पेश भएको कार्यक्रममा संशोधन गर्नु पर्ने देखिएमा सम्वन्धित वडा अध्यक्ष एवम् विषयगत शाखा प्रमुखसँगको समन्वयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवम् प्रमुख प्रशासकीय अधिकृतको संयुक्त निर्णयबाट संशोधन गर्न सकिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

तपसिल

| क्र.स. | शाखा | आ.व.२०८२/८३ को विनियोजन |
|---|---|---|
| १ | कृषि | २०,००,००० |

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| २ | पशु सेवा | ४०,००,००० |
| ३ | स्वास्थ्य | १,००,००,००० |
| ४ | शिक्षा | १,६०,००,००० |
| ५ | महिला बालबालिका | ५,००,००० |
| ६ | न्यायिक समिति | २०,००,००० |
| ७ | लघु उद्यम | १०,००,००० |
| ८ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | १५,००,००० |
| ९ | वन तथा वातावरण | १०,००,००० |
| | जम्मा | ३,८०,००,००० |

| क्र.स | वडा नं. | विनियोजन रकम |
|---|---|---|
| १ | वडा नं १ | ४०,००,००० |
| २ | वडा नं २ | २५,००,००० |
| ३ | वडा नं ३ | ३०,००,००० |
| ४ | वडा नं ४ | २५,००,००० |
| ५ | वडा नं ५ | २५,००,००० |
| ६ | वडा नं ६ | २५,००,००० |
| ७ | वडा नं ७ | २५,००,००० |
| ८ | वडा नं ८ | २५,००,००० |
| ९ | वडा नं ९ | २५,००,००० |
| १० | वडा नं १० | २५,००,००० |
| | जम्मा | २,७०,००,००० |

३. निर्णय नं.३: प्रस्ताव नं.३ उपर छलफल गर्दा भुम्लु गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई उत्प्रेरत गरी आफ्नो सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले विधेयक समितिबाट पारित भई समितिका संयोजक श्री रमेश राज खरेलले पेश गर्नु भएको कर्मचारी कल्याणकारी कोष सञ्चालन सम्बन्धी विधेयक, २०८२ अनुमोदन गरी मिति २०८२ असार १० गतेको गाउँसभामा पेश गर्ने निर्णय गरियो। साथै विकट क्षेत्रमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा कार्यविधिमा आवश्यक संशोधन सहित आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो

४. निर्णय नं.४ प्रस्ताव नं.४ उपर छलफल गर्दा भुम्लु गाउँपालिकामा करको दायरामा ल्याई आन्तरिक राजश्वमा वृद्धि गर्ने उद्देश्यले विधेयक समितिबाट पारित भई समितिका संयोजक श्री रमेश राज खरेलले पेश गर्नु भएको विज्ञापन सम्बन्धी विधेयक, २०८२ अनुमोदन गरी मिति २०८२ असार १० गतेको गाउँसभामा पेश गर्ने निर्णय गरियो।

५. निर्णय नं.५: प्रस्ताव नं.५ उपर छलफल गर्दा तपसिल बमोजिम समितिका संयोजकज्यूहरुले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१-८२ को वार्षिक प्रतिवेदन अनुमोदन गरी स्वीकृतिका लागि आसन्न गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र.सं. | समिति | संयोजक | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १ | न्यायिक समिति | श्री जितेन्द्रमान तामाङ | श्री ज्ञान बहादुर तामाङ |
| २ | सामाजिक विकास समिति | श्री अंचल कुमार लामा | श्री अंचल कुमार लामा |

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | पूर्वाधार विकास समिति | श्री लेख बहादुर श्रेष्ठ | श्री लेख बहादुर श्रेष्ठ |
| ४ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | श्री प्रेम बहादुर भुजेल | श्री प्रेम बहादुर भुजेल |

६. निर्णय नं.६: प्रस्ताव नं.६ उपर छलफल गर्दा भुम्लु गाउँपालिका वडा न ७ स्थित श्री सारदा माध्यमिक विद्यालयबाट भुम्लु गाउँपालिका वडा नं ३ स्थित श्री वनदेवी माध्यमिक विद्यालयमा काज सरुवा गरिएका शिक्षक राम प्रवेश ठाकुरले सर्वोच्च अदालतमा सरुवा खारेजीका लागि रिट दर्ता (दर्ता सि.न. 081-WO1294) गरिएकोमा गाउँपालिकालाई कारण देखाउ आदेशको म्याद प्राप्त भएको हुँदा गाउँपालिकाको तर्फबाट यस कार्यालयमा कार्यरत न्यायिक सहजकर्ता श्री राजु लामालाई उक्त मुद्दाको बहस एवम् गाउँपालिकाको तर्फबाट सम्पूर्ण अख्तियार दिने निर्णय गरियो ।

७. निर्णय नं.७ : प्रस्ताव नं.७ उपर छलफल गर्दा भुम्लु गाउँपालिका वडा नं. ७ र ८ को लालपुर्जा वितरण कार्यलाई छिटो छरितो एवम् प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि सम्बन्धीत नापी टोली प्रमुख,मालपोत कार्यालय एवम् सम्बन्धित ७ र ८ का वडा अध्यक्षहरुको संयुक्त समितिले तयार गरेको संशोधित सिलसिलेवार कार्यप्रक्रिया सम्बन्धी प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

८. निर्णय नं.८ : प्रस्ताव नं.८ उपर छलफल गर्दा मालपोत कार्यालय स्थापना भुम्लु गाउँपालिका वडा नं.५ स्थित सल्ले मानेडाँडा केन्द्र कायम गर्न सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner